बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

बागमती प्रदेश

## कल्याणचौर सौर्य उर्जा लिफ्ट सिंचाई योजनाको निर्माणको लागि सिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना

सिलबन्दी दरभाउपत्र नं. ADD/WORKS/SQ/01/2078/079

*सूचना प्रकाशित भएको मिति: २०७९/०१/२६ गते*

१. कृषि विकास निर्देशनालय, हेटौडाले प्रादेशिक कृषि प्रवर्धन कार्यक्रम अन्तरगत लिफ्ट सिंचाई, कालिका नपा., काल्देल चौर, चितवनका लागिमा कल्याणचौर सौर्य उर्जा लिफ्ट सिंचाई योजनाको निर्माणको लागि सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ । उल्लिखित निर्माण कार्यको अनुमानित लागत मूल्य रु ९९,९९,५५९.०० रहेको छ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरूले थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम हेर्नको लागि कृषि विकास निर्देशनालय, हेटौडाको टेलिफोन नं. ०५७-५२०४६६ र इमेल ठेगाना addhetaudap3@gmail.com मा सम्पर्क राख्न सकिनेछ ।

३. योग्य निर्माण व्यवसायीले मिति २०७९/०२/०९ गतेको ५:०० बजे भित्रमा १,०००/- रुपैयाँ (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन कृषि विकास निर्देशनालय, हेटौडामा पेश गरी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन् । वा

**बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक लि. हेटौडा कार्यालयको नाम: कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडा कार्यालयको कोड नं.: ३१२०१३२०१३ कार्यालयको खाता नं. १०००१००२००१०००० राजस्व शीर्षक नं. १४२२९ मा समेत रकम जम्मा गर्न सकिनेछ ।**

४. सिलबन्दी दरभाउपत्रहरु २०७९/०२/१० गतेको १२:०० बजे भित्र कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडामा दर्ता गर्नुपर्नेछ । उल्लिखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।

५. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०७९/०२/१० गते १३: ०० बजे उपस्थित हुन चाहने निर्माण व्यवसायीका प्रतिनिधिहरुको रोहवरमा कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडामा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ । दरभाउपत्रको साथ ५०,०००.०० दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौडाको कार्यालयको कोड नं. ३१२०१३२०१३ मा राष्ट्रिय वाणिज्य बैंक लि. हेटौडा मा प्रदेश लेखा नियन्त्रक कार्यालय, हेटौडाको नाममा रहेको धरौटी खाता नं. १३००१००२०२०३०००० मा त्यस्तो रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

६. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

**नोट:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४९ क. अनुसार सूचनामा थप कुराहरु समावेश गर्न आवश्यक भएमा थप गर्न सकिनेछ ।

**प्रमुख**